नियम/र्दता नं. २४

# चालुकोष स्थापना तथा बीउपुँजी  परिचालन कार्यविधि, २०७६

स्वीकृत मिति  २०७६/०२/०८

## प्रस्तावना

महिला सशक्तीकरणका निम्ति छथर जोरपाटी गाउपालिकाद्धारा प्रवर्द्दन गरिएका महिला र एकल समुह,संस्था/समिति मार्फत उक्त समुह,संस्था/समितिहरूमा सँगठित महिलाहरूको आयआर्जन क्रियाकलापका निम्ति आधार स्रोतका रुपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा पुऱ्याउन विभिन्न दातृ संस्थाहरूबाट प्राप्त गरिएका तथा प्राप्त हूने र गाउपालिकाको आफ्नै स्रोतबाट समेत उपलब्ध गराइएक र  गराउन सकिने रकम  समेतबाट चालूकोष स्थापना गरी बीउ पूँजीलाई सूव्यवस्थित, नियमित र प्रभावकारी ढंगबाट परिचालन गर्न छथर जोरपाटी गाउपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भ

## १.१ संक्षिप्त नाम र प्रारम्भ

१.१.१ यो कार्यविधिको नाम "चालूकोष स्थापना तथा बीउपूँजी कार्यविधि २०७६" हूनेछ ।

१.१.२ यो निर्देशिका छथरजोरपाटी गाउकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हूनेछ ।

## १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क)**"समुह,समिति,संस्था"** भन्नाले छथर जोरपाटी गाउपालिका मार्फत प्रवर्द्धन गरिएका ग्रामीण स्तरका महिला र एकल महिलाहरूको समूह,समिति र संस्थालाई जनाउँछ । सो शब्दले प्रचलित कानुन अनूसार सम्बन्धित निकायमा दर्ता भइसकेका वा गठन प्रक्रिया पूरा गरी दर्ता प्रक्रियामा अगाडी बढेका वा तदर्थ समिति गठन गरी महिलाहरूको आर्थिक सामाजिक उन्नतिका लागि निश्चित विनियमका आधारमा गाउपालिका क्षेत्र भित्र क्रियाशील  र सञ्चालित समूह,समिति र संस्थालाई समेत जनाउँछ ।

**<u>ख)"सञ्चालक समिति"</u>** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता गर्नका लागि वा समूह,समिति र संस्थालाई व्यवस्थित ढंगबाट सञ्चालन गर्नका लागि समूह,समिति र संस्थाले विनियमद्धारा व्यवस्था गरेको समिति तथा व्यवस्थापन समितिलाई समेत जनाउँछ ।

**<u>ग)"कर्जा समिति"</u>** भन्नाले संस्थाका सदस्यहरूको बचत, शेयर तथा छथर जोरपाटी गाउपालिका वा अन्य दातृ संघसंस्थाबाट प्राप्त अनुदान वा बीउपूँजीलाई सदस्यहरूबीच कर्जाका रूपमा परिचालन गर्ने सम्पुर्ण जिम्मेवारी तोकिएको समूह,समिति र संस्थाको विनियम बमोजिम निर्धारण गरेको कर्जा समितिलाई जनाउँछ ।

**<u>घ)"चालूकोष"</u>** भन्नाले यस कार्यविधिको दफा २.२ बमोजिम समूह,समिति र संस्था हरूलाई बीउपूँजी उपलब्ध गराउने प्रयोजनका लागि कार्यालयमा स्थापित दफा २.१ को कोषलाई जनाउँछ ।

**<u>ङ)"बीउपूँजी"</u>** भन्नाले यस निर्देशिकाको दफा २.१ को कोषबाट दफा २.६ अनूसार सम्झौता गरी समूह,समिति र संस्थालाई उपलब्ध गराउने बीउपूँजी रकमलाई जनाउँछ ।

**<u>च) "वडा कार्यालय</u>** भन्नाले छथर जोरपाटी गाउपालिकाका वडा कार्यालयलाई जनाउँछ ।

**<u>छ) "कार्यालय"</u>** भन्नाले छथर जोरपाटी गाउपालिकाको कार्यालयलाई जनाउँछ ।

**<u>ज) "सदस्य"</u>** भन्नाले समूह,समिति र संस्थाको विनियम बमोजिम सदस्यता प्राप्त गरी उक्त संस्थामा नियमित रूपमा बचत गरिरहेका व्यक्तिहरूलाई जनाउँछ । सो शब्दले संस्थाको सञ्चालक समितिका पदाधिकारीहरूलाई समेत जनाउँछ ।

## <u>१.३ उद्देश्य</u>

निम्नलिखित उद्देश्य परिपुर्तिका लागि चालूकोष स्थापना गरी बीउपूँजीको व्यवस्था गर्न सकिनेछ :

क) महिला सामूदायिक संस्थाहरूको संस्थागत विकामा टेवा पूऱ्याउने ।

ख) संस्थाहरुको आर्थिकस्तर उकास्नूका अतिरिक्त कर्जा परिचालन क्षमतामा अभिबृद्धि गर्ने ।

ग) ग्रामीण महिलाहरूको आयआर्जनका निम्ति आवश्यक न्युनतम कर्जाको मागलाई स्थानीय संस्थाहरू मार्फत नै परिपुर्ति गराउने ।

घ) ग्रामीण महिलाहरूको संस्थालाई बैकिंङ कारोबारतर्फ अभिमूखीकरण गर्दै उनीहरको व्यवस्थापकीय तथा वित्तीय क्षमता सूदृढा गर्ने ।

ङ) ग्रामीण महिलाहरको चेतना अभिबृद्धि, नेतृत्व क्षमता लगायत उनीहरूको चौतर्फी विकास गरी महिला शसक्तीकरणको राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पूऱ्याउने ।

च) ग्रामीण स्तरका विपन्न महिलाहरूलाई उत्पादनमुलक क्षेत्रमा सरिक गराई उनीहरूको आर्थिक स्थिति सूदृढ पार्न मद्दत पूऱ्याउने ।

## परिच्छेद २

## चालूकोष स्थापना तथाबीउ पूँजीको व्यवस्था

### २.१ चालूकोष स्थापना

दफा २.२ बमोजिम बीउपूँजी रप्रदान गर्ने प्रयोजनका लागि गाउपालिका अन्तर्गत
चालूकोषका नाममा एक कोषको स्थापना गरिनेछ । उक्त कोष स्थायी कोष हूनेछ । जसमा छथर जोरपाटी गाउपालिका,नेपाल सरकार तथा विभिन्न दातृसंस्थाहरूको स्रोतबाट यस अघि प्राप्त भएका चालूकोष, घूम्तीकोष लगायतका रकमहरू सम्बन्धित संस्थाहरूबाट सम्झौता अवधि समाप्त भएपश्चात फिर्ता हून आउने व्याजसहितको बीउपूँजी तथा विभाग तथा अन्य दातृसंस्थाहरूबाट प्राप्त हून आउने बीउपूँजी रकम समावेश गरिनेछ । यसका अतिरिक्त विगत समयमा महिला कल्याण कोष लगायतका नाममा महिला विकास अन्तर्गतका स्थानीयस्तरका सम्पुर्ण कोषहरूलाई यसै कोष अन्तर्गत एकिकृत गरी परिचालन गरिनेछ । यो कोषको सञ्चालनका लागि स्थानीय बैंकमा चल्ती वा बचतमध्ये जून उपयूक्त हून्छ, सोही अनूसार छूट्टै खाता खोली सम्बन्धित कार्यालयको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखतबाट खाता संचालन हूने व्यवस्था गर्नूपर्ने छ ।

### २.२ बीउपूंजी उपलब्ध गराउन सक्ने ।

यस कार्यविधिको परिच्छेद १ को दफा १.३ अनूसार उद्देश्य परिपुर्तिका लागि चालूकोषबाट दफा २.६ बमोजिम सम्झौता गरी समूह,समिति र संस्थालाई बीउपूँजी उपलब्ध गराउन सक्नेछ । यस्तो बीउपूँजीको अधिकतम सीमा सम्बन्धित समूह,समिति र संस्थाको बचत कोष,जनसंख्या तथा आवस्यकताको आधारमा हूने गरी अधिकतम रु एक लाखसम्म हूनेछ ।

### २.३ बीउपूँजी प्राप्त गर्न निवेदन दिनूपर्ने ।

समूह,समिति र संस्थाले बीउपूँजी प्राप्त गर्नका लागि अनूसुची १ बमोजिमको ढांचामा गाउपालिकामा निवेदन दिनूपर्ने छ । यसरी निवेदन दिंदा उक्त समूह,सड६मति र संस्थाको संचालक सडि(रमतिको निर्णय तथा संस्थाको बीउपूँजी परिचालन र कर्जा लगानी नीतिसमेत समावेश गर्नूपर्नेछ ।

### २.४ वडाले सिफारिश गर्ने

आफ्नो वडा अन्तर्गतको कार्यान्वयन स्थिति समेतको विश्लेषणबाट आगामी आर्थिक बर्षका लागि आवश्यक पर्ने बीउपूँजीको माग प्रक्षेपण गरी वडा कार्यालयले आर्थिक वर्षको दोस्रो चौमासिक अवधिभित्र कार्यालयमा सिफारिश गरी पठाउनू पर्नेछ । विउपुजी

प्राप्त गर्न चाहेको समुह, समिति र संस्थाको तर्फबाट वडा कार्यालयले गाउपालिकामा सिफारिस गर्नु पर्नेछ ।

## २.५ चालूकोष उपलब्ध गराउने ।

२.५.१ कार्यालयले प्रत्येक आर्थिक बर्ष चालूकोषका लागि आवश्यक पर्ने निश्चित रकम बार्षिक कार्यक्रममा व्यवस्था गर्नूपर्नेछ । सम्बन्धित वडाको माग र पुर्ति समायोजन हूने गरी आवश्यक बजेट सम्बन्धि चालुकोषको नाममा एक कोषको व्यवस्था गरिनेछ ।

२.५.२ चालूकोष रकम समुह, समिति र संस्थालाई उपलब्ध गराउंदा आर्थिक प्रशासन शाखाले सोको अभिलेख राख्नूपर्ने छ ।

## २.६ सम्झौता गर्नुपर्ने

कार्यालयले आ आफना वडा अन्तर्गतका समुह,समिति र संस्थाहरूलाई दफा २.१ को कोषबाट बीउपूंजी उपलब्ध गराउन अगावै अनूसुची ३ बमोजिमको ढांचामा सम्झौता गरी राख्नूपर्नेछ ।

## २.७ आफ्नै खाता सञ्चालन गर्नुपर्ने

कार्यालयबाट प्राप्त चालुकोष समुह,समिति र संस्थाले आफ्नै बैंक खाता सञ्चालन गरी उक्त बैंक खाताबाट परिचालन हुने व्यवस्था गर्नु पर्नेछ ।

# परिच्छेद ३
# बीउपूँजी संचालन र व्यवस्थापन

## ३.१ बीउपूँजी परिचालनका शर्तहरू

क) समूह,समिति र संस्थाले आफना सदस्यहरू बीचमा मात्र बीउपूंजी परिचालन गर्नूपर्नेछ ।

ख) बीउपूँजी परिचालका लागि समूह,समिति र संस्थाले अनिवार्य रूपमा विनियमद्धारा नै एउटा कर्जा लगानी समितिको व्यवस्था गरी सोही समितिको निर्णयद्धारा कर्जा लगानी गर्नूपर्ने छ ।

ग) बीउपूंजी परिचालन गर्दा लगानी हूने अवधि, न्युनतम व्याजदर, प्रति सदस्य लगानी गरिने अधिकतम रकम, भाखा नाघेमा लाग्ने हर्जाना आदि विषयमा समुह,समिति र संस्थाले बीउपूंजी परिचालन नीति तयार गरी सोही नीतिमा स्पष्ट उल्लेख गरी लागू गर्न पर्नेछ । तर बीउपूंजी व्याजदर प्रचलित बैंकको व्याजदर भन्दा घटी हूनपाउने छैन ।

घ) समूह,समिमिति र संस्थाले बीउपूँजीबाट लगानी गर्दासदस्य लाभान्वित

हूनेगरी लगानी गर्ने नीति बनाउनू पर्नेछ । लगानी गर्दा सदस्यहरूको कर्जा माग मध्येबाट उत्पादनमुलक र कम समयमा बढी प्रतिफल प्राप्त हूने खालका परियोजनामा प्राथमिकताका साथ लगानी गर्नूपर्नेछ । कर्जाको भाखा तोक्दा परियोजनाको प्रकृतिका आधारमा न्युनतम भाखा तय गरिनूपर्दछ ।

ङ) बीउपूँजी लगानी गर्दा कुल कोष रकमको १० प्रतिशत भन्दा बढी रकम घरायसी कार्यका लागि मात्र माग भएको कर्जामा लगानी गर्न पाइने छैन ।

च) समूह,समिति र संस्थाका सदस्यले कर्जा माग गर्दा अनूसुची ४ बमोजिम ढांचामा निवेदन पेश गर्नूपर्नेछ ।

छ) समूह,समिति र संस्थामा नियमित बचत नगर्ने सदस्यलाई बीउपूँजीबाट कर्जा लगानी गर्न पाइने छैन ।

ज) समूह,समिति र संस्थाहरुले प्रत्येक वर्षको असार मसान्तमा आफुले कार्यालयबाट प्राप्त गरेको बीउपूँजीको २ प्रतिशत व्याज कार्यालयको चालूकोष खातामा जम्मा गर्नूपर्नेछ ।

झ) बीउपूँजी लगानी नीति अन्तर्गत ऋण लिन इच्छूक सदस्यहरूमध्ये गरीब तथा पिछडिएका वर्गका सदस्यहरूलाई समूह,समिति र संस्थाले पहिलो प्राथमिकता दिने व्यवस्था गर्नूपर्नेछ ।

ञ) बीउपूँजी परिचालन गर्दा कार्यविधिको परिधिभित्र रहेर लगानी र लगानी भूक्तानी प्रभावकारी हूने अन्य शर्तहरू आफुले निर्धारण गरी लागू गर्नसक्ने छन् ।

## ३.२ बीउपूँजी परिचालन सम्झौताको अवधि र नवीकरण व्यवस्था

क) कार्यालयले दफा २.६ बमोजिम सम्झौता गरी संस्थालाई बीउपूँजी प्रदान गर्दा शूरुमा ३ वर्षे अवधि कायम गरिनेछ ।

ख) कार्यालयले अनूगमन गर्दा समूह,समिति र संस्थाले कार्यविधिको अधीनमा रही सबै सदस्यहरूको हित हूनेगरी प्रभावकारी ढंगबाट बीउपूँजी परिचालन भएको र वार्षिक व्याज बूझाएको पाएमा ३ वर्ष पश्चात पूनः थप २ वर्षका लागि सोही समूह,समिति र संस्थालाई नवीकरण गरी बीउपूँजी परिचालन गर्न दिन सक्नेछ ।

## ३.३ बीउपूँजी फिर्ता गर्नूपर्ने

३.३.१ देहायमध्ये कूनै एक अवस्था भएमा समूह,समिति र संस्थाले कार्यालयलाई अनिवार्य रूपमा २ प्रतिशत व्याज सहितको बीउपूँजी अवधि समाप्त भएको मितिले २ महिनाभित्र फिर्ता गर्नू पर्नेछ :

क) दफा २.६ को सम्झौता अवधि तथा नवीकरण भएको अवस्थामा सो अवधि समेत समाप्त भएमा

ख) दफा ३.५ अनूसार सम्झौता रद्द भएमा ।

३.३.२ यसरी अवधि समाप्त भए पश्चात पनि समूह,समिति र संस्थाले कार्यालयलाई बीउपूँजी फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## ३.४ संस्थाबाट फिर्ता प्राप्त बीउपूँजी पून: परिचालन गर्नसक्ने

क) कार्यालयको चालूकोषको अवस्था र वडामा गठन भएका महिला समूह,समिति र संस्थाको बीउपूँजीको मागको आधारमा एउटा समूह,समिति र संस्थाले सम्झौतामा तोकिएको अवधिसम्म बीउपूँजी परिचालन गरे पश्चात दफा ३.३ अनूसार फिर्ता प्राप्त बीउपूँजी यसै कार्यविधिको अधीनमा रही कार्यालयले नयां समूह,समिति र संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

ख) कार्यालयको चालूकोषमा मौज्दात भएमा र नयां समूह,समिति र संस्थाबाट माग नभएको अवस्था विद्यमान रहेमा बीउपूँजीको माग, सदस्य संख्या र कार्यक्षमताका आधारमा एउटै समूह,समिति र संस्थालाई पून: सम्झौता गरी बीउपूँजी थप लगानी गर्न पनि सकिनेछ । तर यसका निम्ति उक्त समूह,समिति र संस्थाले पुर्व बीउपूँजीलाई प्रभावकारी ढंगबाट लगानी गरिरहेको र कार्यालयमा बूझाउनूपर्ने व्याज नियमित रूपमा बूझाएको हूनू पर्नेछ ।

## ३.५ सम्झौता रद्द गरी बीउपूँजी फिर्ता लिने कार्यालयको विशेषाधिकार

देहायका मध्ये कूनै पनि अवस्थामा कार्यालयले संस्थासँगको सम्झौता रद्द गरी बीउपूँजी फिर्ता लिनसक्ने छ :

१)कार्यालयले अनूगमन गर्दा समूह,समिति र संस्थाले निर्देशिकाको व्यवस्थालाई उल्ङघन गरेको पाइएमा ।

२) बीउपूँजी सम्झौता अवधि समाप्त नहूँदै समूह,समिति र संस्थाको विघटन भएमा ।

३) बीउपूँजी प्राप्त समूह,समिति र संस्थाले कार्यालय सँगको सम्बन्ध टूटाई अन्य निकायसँग आवद्ध भएको पाइएमा ।

४) तोकिएको उद्देश्य भन्दा विपरित कार्य गरेको पाइएमा ।

५) यस निर्देशिकाको दफा ४.३ बमोजिम कर्तव्य/भुमिका निर्वाह नगरेमा ।

## ३.६ चालूकोष रकम अन्य प्रयोजनमा खर्च गर्न नपाइने ।

३.६.१ दफा २.१ बमोजिम कार्यालयमा रहेको चालूकोषलाई दफा ३.१ बमोजिम बाहेक अन्य कूनै पनि प्रयोजनमा खर्च गर्न पाइने छैन ।

## ३.७ बीउपूँजीको स्रेस्ता तथा अभिलेख दूरुस्त राख्नूपर्ने

समूह,समिति र संस्थाले कार्यालयबाट प्राप्त बीउपूँजीको छूटै र स्पष्ट विवरण देखिने गरी अभिलेख दूरुस्त राख्नूपर्ने छ ।

# परिच्छेद ४

## सम्बन्धित पक्षको काम कर्तव्य र अधिकार

## ४.१ वडाको अधिकार र कर्तव्य

बीउपूँजी परिचालनमा वडाको अधिकार र कर्तव्य देहाय बमोजिम हूनेछ :

१) प्रत्येक आ.व.को वार्षिक कार्यक्रममा चालूकोष स्थापनाका लागि आवश्यक रकमको प्रक्षेपणगरी गाउपालिकाको कार्यालयमा पठाउने

२) सबै समूह,समिति र संस्थाबाट चालु कोषका लागि माग सङ्कलन गरी अद्यावधिक गर्ने ।

३) प्राप्त मागका आधारमा गाउपालिकाकार्यालयमा चालूकोष स्थापना लागि बजेट माग गराउने ।

४) प्रत्येक चौमासिक/वार्षिकमा सबै समूह,समिति र संस्थाको चालूकोषको स्पष्ट चित्रण हूने गरी विवरण लिई केन्द्रियि तथ्याङ्क अद्यावधिक गराई राख्ने ।

५) चालूकोष तथा बीउपूँजी परिचालनका बारेमा समय समयमा अनूगमन गरी समूह,समिति र संस्थालाई आवश्यक निर्देशन दिने ।

६) अनूगमन गर्दा समूह,समिति र संस्थाले बीउपूँजी परिचालन नीति विपरित कार्य गरेको पाइएमा सो समूह,समिति र संस्थासँगको सम्झौता भङ्ग गरी बीउपूँजी फिर्ता गर्न गाउपालिकामा सिफारिस गर्ने ।

७) चालुकोष स्थापना, बीउपुँजी परिचालन नीति तथा निर्देशिका सम्बन्धमा कार्यालयलाई आवश्यक राय, सुझाव प्रदान गर्ने ।

## ४.२ कार्यालयको अधिकार र कर्तव्य

चालूकोष परिचालनका लागि कार्यालयको अधिकार र कर्तव्य देहायबमोजिम हूनेछ :

१) आफनो पालिका स्थित समूह,समिति र संस्थाको माग तथा कोषको क्षमता अनूसार आवश्यक सम्झौता गरी संस्थाहरूलाई उपयूक्त मात्रामा बीउपूँजी रकम प्रदान गर्ने।

२) दफा २.१ बमोजिम चालूकोष स्थापना गरी दफा ३.२ र ३.४ बमोजिम कोष परिचालन समेत गर्ने ।

४) बीउपूजी परिचालन गर्ने,अभिलेख अद्यावधिक गर्ने आदि विषयमा सम्बन्धित समूह,समिति र संस्थाहरुलाई अनूशिक्षण दिने ।

५) समुह,समिति र संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

६) बीउपुँजी परिचालन गरिरहेका समुह,समिति र संस्थाप्राप्त विवरणका आधारमा मासिक/चौमासिक/वार्षिक रुपमा अभिलेख अद्यावधिक गराई राख्ने ।

७) दफा ३.४ र ३.५ बमोजिमको अधिकारको कार्यान्वयन गर्ने ।

## ४.३ समूह,समिति र संस्थाको अधिकार र कर्तव्य

बीउपुँजी परिचालन सम्बन्धमा समुह,समिति र संस्थाहरुको अधिकार र कर्तव्य देहाय बमोजिम

हुनेछ :

क) अनुसूची-१ बमोजिमको ढाँचामा  कार्यालयमा बीउपुँजी माग गरी निवेदन दिने ।

ख) अनुसूची-२ बमोजिम संझौता कार्यालयबाट प्राप्त बीउपुँजी नियमानुसार समुह,समिति र संस्थाको कोषमा जम्मा गरी दफा ३.१ बमोजिमका शर्तहरुको पूर्णतः पालना गरी बिउपुँजी परिचालन गर्ने ।

ग) अनुसूची-५ बमोजिम बीउपुँजी अभिलेख अद्यावधिक गरी राख्ने र अनुसूची-६ बमोजिमको ढाँचामा मासिक रुपमा बीउपुँजीको यथार्थ विवरण भरी कार्यालयमा पेश गर्ने ।

घ) संझौता अवधि समाप्त भएको २ महिनाभित्र कार्यालयबाट प्राप्त बीउपुँजी बक्यौता व्याजसहित कार्यालयको चालुकोष खातामा जम्मा गर्ने ।

ङ) वडा र कार्यालयबाट अनुगमन गरी दिइएका लिखित/मौखिक निर्देशनको पालन गर्ने ।

च) आफ्ना सदस्यहरुको अधिकताम हित हुनेगरी बीउपुँजी परिचालन गर्ने ।

## ४.४ सदस्यको अधिकार र कर्तव्य

बीउपुँजी परिचालन सम्बन्धमा सदस्यको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :

क) समुह,समिति र संस्थाको बीउपुँजी परिचालन नीति तय गर्नमा सक्रिय भूमिका निर्वाह गर्ने तथा सोको पालना गर्ने ।

ख) बीउपुँजीबाट लिइएको कर्जालाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी अधिकतम लाभ आर्जन गर्न प्रयत्नरत रहने ।

ग) बीउपुँजी रकमबाट लिइएको ऋणको साँवा, व्याज तोकिएको भाखाभित्र चुक्ता गर्ने ।

## ५.१ अनूगमन गरी निर्देशन दिनसक्ने

चालुकोषलाई व्यवस्थित रुपबाट संचालन गर्ने सन्दर्भमा कार्यालयले वडा र समुह,समिति र संस्थाको तथा  वडाले समुह,समिति र संस्थाको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिनसक्ने छ । सो निर्देशनको पालना गर्नु सम्बन्धित वडा तथा समुह,समिति र संस्थाको कर्तव्य हुनेछ ।

## ५.२ प्रतिवेदन पेश गर्नूपर्ने

बीउपुँजी परिचालनको यथार्थ स्थिति झल्किने गरी महिला,एकल महिला समुह,समिति र संस्थाले अनुसूची-६ बमोजिम कार्यालयमा चौमासिक/वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने छ । सोको एकप्रति अद्यावधिक गरी आ-आफ्नो कार्यालयमा समेत राख्नुपर्ने छ । सोको आधारमा कार्यालयले अनुसूची-९ बमोजिमको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने छ ।

## ५.३ लेखा परीक्षण

कार्यालयमा स्थापना भएको चालुकोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

## ५.४ बचाउ

यो कार्यविधि लागू हुनु अगावै 'महिला विकास कार्यक्रम कार्यान्वयन निर्देशिका' बाट संचालित चालुकोष, 'महिला जागृति तथा आयआर्जन कार्यक्रममा चालुकोष बीउपुँजी परिचालन निर्देशिका २०५९' बाट संचालित चालुकोष तथा कार्यालयबाट समूह, समिति वा महिला सहकारी संस्था मार्फत चालुकोष, घुम्तीकोष, एकल महिला कल्याण कोष आदि नामबाट संचालित सबै प्रकारका रकमहरु यो कार्यविधि लागू भएपश्चात यसै कार्यविधि बमोजिम कार्यान्वयन भएको मानिनेछ । यसअघि परिचालन भएको चालुकोषको फिर्ता हुने सबै रकमहरु यसै कोषमा एकिकृत गरी यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछन् ।

## ५.५ व्याख्या

यो कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनमा कुनै द्विविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार गाउ कार्यपालिकालाई रहनेछ ।

## ५.६ बाधा अड्काउ फूकाउने

यो कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकार कार्यपालिकामा सुरक्षित रहनेछ ।

# अनूसुची १

## (कार्यविधिको दफा २.३ सँग सम्बन्धित) बीउपूँजी आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यु,
छथर जोरपाटी गाउकार्यपालिकाको कार्यालय,
जोरपाटी, धनकुटा ।

विषय: बीउपूँजी उपलब्ध गराईपाउं

महोदय,

त्यस कार्यालयबाट महिला सशक्तीकरणका लागि "चालूकोष स्थापना तथा बीउपूँजी कार्यविधि २०७६" बमोमिज उपलब्ध हूने बीउपूँजी सम्बन्धमा भएको सम्पुर्ण व्यवस्था तथा सम्झौताका शर्त पालना गर्ने गरी यस छथर जोरपाटी गाउपालिका वडा नं. स्थित … … … … … … … संस्थालाई रु … … … … … … .. … (अक्षरेपी … … … … … … … … … ) तोकिएको सम्झौताको शर्त अनूसार फिर्ता बूझाउने गरी उपलब्ध गराईदिनू हून विनम्र अनूरोध गर्दछौं ।

संचालक समितिको बैठकको निर्णय समेत यसै साथ संलग्न राखी पेश गरेका छौं ।

| **संस्थाको विवरण** | **भवदिय** |
|---|---|
| समुह,समिति,संस्था | … … .. … … … |
| सदस्य संख्या: | अध्यक्ष |
| शेयर पूँजी : | … … … … … … … |
| बचत कोष : | संस्था |

# अनूसुची २

## (निर्देशिकाको दफा २.५.२सँग सम्बन्धित)

## चालूकोषको अभिलेख विवरण

आ.व.

| सि. नं. | समुह,समिति,संस्था | चालू आवको | | गत आवसम्मको चालूकोष | जम्मा चालूकोष | लगत राख्नेको हस्ताक्षर | कार्यालय प्रमूखको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | चालूकोष | स्रोत | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

# अनूसुची ३

## (निर्देशिकाको दफा २.६ सँग सम्बन्धित)

## सम्झौता पत्र

आज मिति २० । । । मा छथर जोरपाटी गाउ कार्यपालिकाको कार्यालय(कार्यालय) र समुह,समिति,संस्था ........................................................ (संस्था) वीच तल उल्लेखित शर्तका परिधिभित्र रही बीउपूँजी रु ... ... ... ... परिचलन गर्न हस्ताक्षर गरी सम्झौता गरेका छौं । यसमा कूनै फरक पर्ने छैन । सम्झौताका शर्त तथा महिला सशक्तीकरणका लागि चालूकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधि २०७६ ( यसपछि कार्यविधि भनिने) मा उल्लेखित शर्तहरू भित्र रही चालूकोष सञ्चालन नभएमा प्रचलित ऐन नियम बमोजिम सहूँला बूझाउँला ।

## शर्तहरू

१) यो सम्झौता ३ वर्षका लागि लागू गर्नमा हामी दूबै पक्ष सहमत छौ, तर समुह,समिति,संस्थाले संचालन सम्बन्धी शर्तहरू उल्लघनगरेमा कार्यालयले बिचैमा सम्झौता भंग गरी बीउपूँजी रकम फिर्ता लिनसक्ने छ ।

२) बीउपूँजी संचालन विधि तथा यसका अनूगमन तरिका र त्यसबाट पाउनूपर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पून: थप २ वर्षको लागि सम्झौता नविकरण गर्नसक्नेछ ।

३) कार्यालयबाट उपलब्ध बीउपूँजी परिचालनको अभिलेख समुह,समिति,संस्थाले कार्यविधि बमोजिम दूरुस्त राखी सो अभिलेख मासिक रूपमा कार्यालय समक्ष पठाउनू पर्नेछ ।

४) सम्झौतामा उल्लेख भएको बीउपूँजी रकमको बार्षिक २ प्रतिशत व्याज प्रत्यके बर्षको असार मसान्तमा समुह,समिति,संस्थाले कार्यालयलाई बूझाउनू पर्नेछ ।

५) बीउपूँजी रकम समुह,समिति,संस्थाको खातामा जगेडा नराखी परिचालन गरीरहनू पर्नेछ ।

६)बीउपूँजी परिचालन प्रयोजनका लागि समुह,समिति,संस्थाले एउटा कर्जा समिति गठन गर्नूपर्नेछ ।

७) बीउपूँजी परिचालन गर्दा कूनै ऋृणी सदस्यबाट नियम विपरित कार्य गरे समुह,समिति,संस्थाको कोष परिचालन नीतिमा व्यवस्था भए अनूसार दण्ड जरिवाना गरी यथाशिघ्र ऋृण असूली गर्नूपर्नेछ ।

८) बीउपूँजी परिचालन गर्दा बैंकको व्याजदर भन्दा घटी नहूने गरी व्याजदर कायम गर्नूपर्नेछ ।

९) समुह,समिति,संस्थाले आफना सदस्यहरूभन्दा बाहिर लगानी गर्नपाइने छैन ।

१०) सम्झौता बमोजिमको बीउपूँजी रकमको सम्पुर्ण जिम्मेवारी समुह,समिति,संस्थाकै हूनेछ ।

११) माथि उल्लेख भएका शर्त बाहेक अन्य कूराहरू कार्यविधि बमोजिम दूबै पक्षका लागि समान रूपमा मान्य हूनेछन् ।

| **<u>संस्थाको तर्फबाट</u>** | **<u>कार्यालयको तर्फबाट</u>** |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | संस्था : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

पूनश्चः यस सम्झौतामा उल्लेख गरिएका शर्त बाहेक सम्बन्धित वडाको स्थिति हेरी कार्यालय आफैले शर्तहरू थप गर्न सक्नेछ ।

कार्यविधिको दफा ३.१ को (च) सँग सम्बन्धित

# ऋणको आवेदन फाराम

श्रीमान् अध्यक्षज्यू,

...............................समुह,समिति,संस्था

.................................................

**विषय : <u>बीउपुँजीबाट ऋण उपलव्ध गराइपाउँ</u>।**

महोदय,

यस समुह,समिति,संस्थाको बीउपुंजी परिचालन नीतिको पूर्णतः पालन गर्ने शर्तमा ....... .......................... ................................ व्यवसाय संचालन गर्नका लागि रु ............................. ............... ........... (अक्षरेपि ..........................................) ........... ,.......... अवधिका लागि उपलव्ध गराइ दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम :
ठेगाना :
सदस्यता नं. :
बाबु/पतिको नाम :
बाजे/ससुराको नाम :

दस्तखत

**अनुसूची-५**

## निर्देशिकाको दफा ४.३ को (ग) सँग सम्बन्धित समूह,समिति,संस्थालेराख्ने बीउपुँजी परिचालन अभिलेख

जिल्ला :

बैंकको नाम : खाता नं.:

मूल बीउपुँजी रु :

समुह,समिति,संस्था को नाम :

स्रोत :

ठेगाना :

कोष स्थापना मिति :

| सि.नं. | सदस्यता नं | बीउपुँजीबाट कर्जा लिने सदस्यको नाम | ठेगाना | लगानी | | | | असुली | | | | | बुझाएको मिति | बुझी लिनेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी मिति | परियोजनाको नाम | रकम | बुझाउनेको सही | बुझाउनु पर्ने मिति | साँवा | व्याज | हर्जाना | जम्मा रकम | | | |
| | | | | | | | | | | | | | | | |

**अनुसूची-६**

निर्देशिकाको दफा ५.२ सँग सम्बन्धित

समुह,समिति,संस्थाले  कार्यालयमा पठाउने बीउपुँजी प्रगति विवरण

............................................समुह,समिति,संस्था

..........साल ........................मासिक/चौमासिक/बार्षिक

**बीउपुँजी प्रगति प्रतिवेदन**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
छथर जोरपाटी गाउँपालिका
जोरपाटी, धनकुटा ।

हाम्रो संस्थामा त्यस कार्यालयबाट प्राप्त बीउपुँजीको हालसम्मको प्रगति यस प्रकार भएको व्यहोरा अनुरोध गर्दछौं ।

**संस्थाको विवरण**

क) बीउपुँजी स्थापना मिति :

ख) मूल बीउपुँजी :

ग) जम्मा सदस्य संख्या :

अध्यक्ष/सचिव

**बीउपुँजीबाट लगानीको विवरण**:

| सि. नं | परियोजनाको किसिम | लगानी | | असुली | | | | नगद/बैंक मौज्दात | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सदस्य संख्या | रकम | सदस्य संख्या | साँवा | व्याज | जम्मा | | |
| | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | |

**अनुसूची-७**

निर्देशिकाको दफा ४.२ को (च) बमोजिम **कार्यालयले राख्ने बीउपुँजी अभिलेख फाराम**
छथर जोरपाटी गाउकार्यपालिकाको कार्यालय ।

...................... साल ........................चौमासिक/वार्षिक ।

| सि.नं. | चालुकोषबाट बीउपुँजी प्रदान गरेको संस्थाको नाम | ठेगाना | बीउपुँजी प्रदान गरेको मिति | जम्मा सदस्य सख्या | स्रोत | शुरु बीउपुँजी | लगानी | | | | | | | | असुली | | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | उत्पादन मूलक | | उद्यममूलक | | सेवामूलक | | अन्य | | | | | | |
| | | | | | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | साँवा | व्याज | बैंक | नगद मौज्दात | |
| | | | | | | | | | | | | | | | | | | | |

उत्पादनमुलकः कृषि, पशुपालन, कुखुरापालन, माछापालन, लगायतका उत्पादनमूलक परि।योजनाहरु
उद्यममूलक : साना घरेलु उद्योग (राडीपाखी, मुढाबुनाई, जामजेली, चाउचाउ)
सेवामूलम : खुद्रा पसल, होटल, व्यूटिपार्लर, टलरिङ्ग सेन्टर आदि अन्य
: घरायसी प्रयोजन (शिक्षा, स्वास्थ्य, कर्जा भुक्तानी आदि)

निर्देशिकाको दफा ५.२ सँग सम्बन्धित

अनुसूची-९

## गाउँपालिकामा राख्ने बीउपुँजी प्रगति अभिलेख

छथर जोरपाटी गाउँपालिका,धनकुटा

...........साल .........................चौमासिक/वार्षिक

| सि.नं. | वडा | बीउपुँजी प्रदान गरिएको संस्था संख्या | बीउपुँजीका स्रोतहरु | जम्मा बीउपुँजी | लगानीमा रहेको | | | असुली | | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सदस्य संख्या | रकम | मुख्य लगानीका क्षेत्रहरु | साँवा | व्याज | बैंक | नगद मौज्दात | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |